# महाशिला गाउँपालिका

# विनियोजन ऐन, २०८१

गाउँसभामा पेश भएको
मिति : २०८१।०३।१०

# महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावना :**

महाशिला गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम विनियोजन गरि खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम महाशिला गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन सम्वत २०८१ साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१।८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१।८२ को निमित्त महाशिला गाउँपालिकाको सञ्चित कोषबाट विनियोजन हुने रकम गाउँकार्यपालिकाको कार्यालयबाट हुने अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३९१९७५००।- (उनान्चालिस करोड उन्नाइस लाख पचहत्तर हजार) नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट विनियोजन गरि खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।८२ को निमित्त महाशिला गाउँपालिककाको गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**४ लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :**

(१) यस ऐन बमोजिम विनियोजन भई खर्च रकमको प्रचलित आर्थिक ऐन, नियमावली बमोजिम लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**(५) कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :**

(१) यस ऐनको कार्यन्वयन गर्न स्थानीय तहले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

## अनुसूची १

## नेपालको संविधानको धारा २२९ दफा २ सम्वन्धित

<u>सञ्चित कोषबाट विनियोजन हुने रकम</u>

| शीर्षक | | आ.व.२०८१/८२ को लागि विनियोजन रु. |
|---|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च (शसर्त बाहेक) | | ४५७२६९८० |
| **१०** | **आर्थिक विकास** | **४२१६८२५०** |
| १०१० | कृषि | १९७४८२५० |
| १०२० | उद्योग, वाणिज्य तथा रोजगार | १२२०००० |
| १०३० | पर्यटन साझेदारी र समपुरक कोष | १५००००० |
| १०४० | महाशिला विकास स्वयंसेवक कार्यक्रम | १९३००००० |
| १०५० | सहकारी | १५०००० |
| १०६० | वित्तीय क्षेत्र | ४००००० |
| **२०** | **सामाजिक विकास** | **३०५७७७७५** |
| २०१० | शिक्षा | २२५०३७७५ |
| २०२० | स्वास्थ्य | ३११४००० |
| २०३० | खानेपानी तथा सरसफाइ | १५३०००० |
| २०४० | संस्कृति प्रवर्द्धन | ४३०००० |
| २०५० | खेलकुद तथा मनोरञ्जन | १३००००० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | १७००००० |
| **३०** | **पूर्वाधार विकास** | **४६२४७६१५** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ३८७४७६१५ |
| ३०२० | सिंचाई | ८००००० |
| ३०३० | भवन तथा सहरी विकास | ६१००००० |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | ५००००० |
| ३०५० | सञ्चार | १००००० |

| | | |
|---|---|---|
| ४० | **वातावरण तथा विपद व्यवस्थापन** | **१७५८७३०** |
| ५० | **सुशासन तथा सेवा प्रवाह तर्फ** | **८७९३६५०** |
| **शसर्त बाहेक जम्मा** | | **१७५२७३०००** |
| १ | संघीय सरकार सशर्त | १८१७०२००० |
| २ | संघीय सरकार समपुरक अनुदान घण्टे फलामखानी घन्तरी लुंखु सडक स्तरोन्नती | १०००००००० |
| ३ | संघीय सरकार विशेष अनुदान महाशिला क्षेत्रको पूर्वाधार विकास | १५०००००० |
| ४ | प्रदेश सरकार सशर्त | ४०००००० |
| ५ | प्रदेश सरकार समपुरक पैयु भञ्याङ्ग होश्राङ्गदी अगुवा सडक सुधार विस्तार | ६०००००० |
| **कुल जम्मा विनियोजन रु.** | | **३९१९७५०००** |
| **अक्षरुपी: उनान्चालिस करोड उन्नाइस लाख पचहत्तर हजार ।** | | |